म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २४१ २०८१ साउन ९ गते बुधबार 24 July 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

## बागमतीको खेलकुद अध्यक्षमा थिङ

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले पालिका खेलकुद विकास समितिको अध्यक्षमा रहर सिं थिङलाई नियुक्त गरेको छ। सोमबार गाउँपालिकाले खेलकुद विकास समिति कार्यविधि २०७७ को दफा ४ को १ (क) अनुसार थिङलाई अध्यक्ष नियुक्त गरेको हो। समितिका निवर्तमान अध्यक्ष टिकालाल श्रेष्ठले स्वेच्छिक रुपमा राजिनामा दिनुभएपछि समितिको अध्यक्ष पद रिक्त रहेको थियो। समितिको अध्यक्ष पद रिक्त भएपछि गाउँपालिकाको असार ३ गते बसेको कार्यपालिका बैठकले नयाँ अध्यक्ष नियुक्त गर्ने निर्णय गरेको थियो। नवनियुक्त अध्यक्ष थिङलाई गाउँपालिकाका अध्यक्ष सर्केश घलानले नियुक्ती पत्र प्रदान गर्नुभएको छ। थिङ बागमती खेलकुद विकास समितिको चौथो अध्यक्षको रुपमा नियुक्त हुनुभएको हो। थिङ बागमती-४ का निर्वमान वडाध्यक्षसमेत हुनुहुन्छ।

# बागमतीमा पहिलो पटक कांग्रेस नेतृत्वको सरकार

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा पहिलो पटक कांग्रेसको नेतृत्वमा सरकार गठन हुँदैछ। संघीयता कार्यान्वयन पश्चात बागमतीमा पहिलो पटक एमाले-कांग्रेस गठबन्धनमा भएको सहमति अनुसार कांग्रेसले बागमती सरकारको नेतृत्वको अवसर पाएको हो।

संघीयता कार्यान्वयनको ७ वर्षे अवधिमा अधिकांश समय प्रतिपक्षमा रहेको कांग्रेस विगत ३ वर्ष सत्ता साझेदार बनेको थियो। २०७८ कात्तिकमा सत्ता साझेदारी गर्दै सरकारमा गएको कांग्रेसले नेतृत्व भने प्राप्त गर्न सकेको थिएन। आधा आधा समय सरकारको नेतृत्व गर्ने लिखित सहमति बनेपनि कांग्रेसले राजनीतिक स्थिरताका लागि सरकार परिवर्तन गर्न चाहने र तत्कालिन गठबन्धनबाट एकीकृत समाजवादीलाई सरकारको नेतृत्व छाडेको थियो।

कांग्रेस र माओवादी केन्द्रको गठबन्धनबाट २०७८ मा कांग्रेससहितको समीकरणबाट एकीकृत समाजवादी पार्टीका राजेन्द्र प्रसाद पाण्डेले बागमती प्रदेश सरकारको नेतृत्व पाए। १४ महिने सो सरकारमा मुख्यमन्त्री त्याग गरेर निर्वाचनको तयारीमा लागेको कांग्रेसले २०७९ पुसमा गठित सरकारमा पनि स्थान पाउन सकेन। २ महिना प्रतिपक्षमा रहेको कांग्रेस चैतमा मात्र सरकारमा फर्कियो।

एमाले, माओवादी केन्द्र र राप्रपाको गठबन्धन सरकार २ महिनामा ढलेपछि २०७९ चैतमा सरकारमा कांग्रेस सहभागी भएको थियो। सो समयमा पनि

**२ कार्यकालको ७ वर्षे अवधिमा कांग्रेस २६ महिनामात्र सरकारमा रह्यो। सो बाहेकका अधिकांश समय प्रतिपक्षमा रहेर भूमिका निर्वाह गर्दै आएको छ।**

मुख्यमन्त्रीको सशक्त दावी गरेको कांग्रेसले माओवादी केन्द्रलाई सरकारको नेतृत्व दिएको थियो। एक वर्षपछि २०८० फागुनमा फेरि त्यो समीकरण भत्कियो। सो लगत्तै सरकारबाट कांग्रेस बाहिरियो र केन्द्रको भन्दा फरक समीकरणबाट सरकार गठनको कसरतमा जुट्यो। तर, कांग्रेसको सो प्रयास असफल बन्यो। अन्ततः पुनः माओवादी केन्द्र कै नेतृत्वमा एमाले, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीबिच सत्ता साझेदारी हुँदा कांग्रेस प्रमुख प्रतिपक्षको भूमिकामा पुग्यो।

कांग्रेस विगत ४ महिनादेखि प्रमुख प्रतिपक्षको भूमिकामा रहँदै आएको छ। संघीयता कार्यान्वयनपछि भएका २ वटा निर्वाचन पश्चातका अधिकांश समय कांग्रेस प्रमुख प्रतिपक्षको भूमिकामै रहँदै आएको छ। २ कार्यकालको ७ वर्षे अवधिमा कांग्रेस २६ महिनामात्र सरकारमा रह्यो। सो बाहेकका अधिकांश समय प्रतिपक्षमा रहेर भूमिका निर्वाह गर्दै आएको छ।

बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री बहादुर सिं लामाको शपथ ग्रहण कार्यक्रम आज बुधबार हुने भएको छ। बुधबार विहान ११:११ बजेको समयमा प्रदेश प्रमुख कार्यालय हेटौंडामा सपथ ग्रहण कार्यक्रम तय भएको छ। मंगलबार साँझ ५ बजे प्रदेश प्रमुख यादव चन्द्र शर्माले नेपालको संविधानको धारा १६८ को २ अनुसार लामालाई मुख्यमन्त्री नियुक्त गर्नुभएको हो। एमालेका २७ र कांग्रेसका ३७ सहित ६४ प्रदेश सभा सदस्यको समर्थनमा मुख्यमन्त्री बन्नुभएका लामासहित १३ मन्त्रीको सपथ ग्रहण कार्यक्रम हुने प्रदेश प्रमुख कार्यालयले तयारी गरेको छ।

मुख्यमन्त्री लामासहित एमालेबाट प्रकाश श्रेष्ठले कृषि तथा पशुपन्छी मन्त्रालय, किरण थापाले स्वास्थ्य मन्त्रालय, कृष्ण प्रसाद सिलवालले वन तथा वातावरण मन्त्रालय, सुकमाया तामाङले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, अमन कुमार मास्केले भौतिक पूर्वाधार विकास मन्त्रालय र प्रेमभक्त महर्जनले श्रम रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी पाउनुहुनेछ। कांग्रेसले ६ जना मन्त्रीको टुंगो लगाउन सकेको छैन। कांग्रेसले भोलि बिहानसम्ममा मन्त्रीको टुंगो लगाएर एकसाथ सपथ गराउने तयारी गरेको बुझिएको छ।

कांग्रेसको भागमा परेको ६ मन्त्रालयका लागि दर्जन बढी प्रदेश सभा सदस्यको नाम चर्चामा रहेको छ। आकांक्षी बढी हुँदा कांग्रेसले मन्त्री टुंग्याउन सकेको छैन। कांग्रेसको भागमा आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय परेको छ।

## को हुन बहादुर सिंह लामा ?



कांग्रेसको भातृ संगठन नेविसंघको राजनीति गर्दै पार्टी राजनीतिमा होमिएका बहादुर सिं लामा केन्द्रीय समिति सदस्य हुनुहुन्छ। स्व. दिप बहादुर लामा तामाङ र आमा स्व. पूर्णिमाया लामा तामाङको पुत्र लामा २०२७ कात्तिक ८ गते नुवाकोटको किस्पाङ्ग गाउँपालिका- ५, मनकामनामा जन्मनुभएको हो।

सामान्य परिवारमा जन्मनुभएका लामा सानै उमेरदेखि अब्बल र हक्की स्वभावका हुनुहुन्थ्यो। लामाले गाउँकै विद्यालयबाट आधारभुत तहको शिक्षा हासिल गर्नुभयो भने माध्यमिक तह अध्ययनका लागि नुवाकोटको सदरमुकाम विदुर झर्नुभयो। काठमाडौंको शंकरदेव क्याम्पसबाट स्नातक तहको अध्ययन गर्नुभएका लामा निर्माण व्यवसायमा संलग्न हुनुभयो। क्यापस पढ्न काठमाडौं पुग्नुभएका लामाले २०४३ मा नेविसंघको सदस्यता लिनुभयो। २०४५ सालमा नेविसंघ नुवाकोट क्षेत्रीय सभापति हुँदै पार्टीको सक्रिय राजनीतिमा होमिनुभएका उहाँ कांग्रेस नुवाकोटको जिल्ला उपसभापति हुनुभयो। २०५४ को स्थानीय तहको निर्वाचनमा नुवाकोट तत्कालीन मनकामना गाविस अध्यक्षमा निर्वाचित हुनुभएका लामा पार्टीको १३ औं महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित हुनुभयो।

२०६४ सालमा नुवाकोट क्षेत्र नम्बर-३ बाट संविधानसभा सदस्य पदको निर्वाचनमा झिनो मतान्तरले पराजित हुनुभएका उहाँ २०७० को दोस्रो संविधानसभा निर्वाचनमा विजयी हुनुभयो। सो निर्वाचनमा उहाँले नेकपा माओवादी केन्द्रका तत्कालिन महासचिव पोष्टबहादुर बोगटीलाई भारी मतले पराजित गर्नुभएको हो। २०७४ सालमा प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएका लामा २०७९ मा बागमती प्रदेशसभा सदस्य निर्वाचित हुनुभएको थियो। २०७९ चैत २६ गते प्रदेश सरकारमा आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएका लामा एमाले कांग्रेस गठबन्धनबाट मुख्यमन्त्री बन्नुभएको हो। लामा देशकै पहिलो तामाङ समुदायको मुख्यमन्त्री बन्नुभएको छ।

## दुई जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-१०, ज्यामिरेघाटमा हायस जीपले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा गोर्खा जिल्लाको गण्डकी गाउँपालिका-६ आँपचौरका १६ वर्षीय मिलन थापा मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सोमबार बेलुका ७ बजेर १५ मिनेटको समयमा काठमाडौंबाट चितवन जाँदै गरेको बा प्र ०६-००१ ख ३०६ नम्बरको हायस जीपले ठक्कर दिँदा मगर घाईते भएका थिए। घाइते मगरलाई राजमार्ग अस्पताल मलेखुमा सामान्य उपचार पश्चात थप उपचारका लागि काठमाडौं न्युरो अस्पताल बाँसघारी लगिएकोमा उपचारको क्रममा राती १० बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। ठक्कर दिने हायस जीप र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।


यस्तै दोलखा जिल्लाको बिगु गाउँपालिका-८, आलेगाउँमा पानीमा डुबेर एक बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा कुमार थामीका २० महिनाका छोरा भिमराज थामी रहेको प्रहरीले जानकारी दिएको छ। सोमबार बालक खेल्ने क्रममा आँगन पछाडी रहेको धारामा पानी भरी राखेको प्लाष्टिकको बाल्टिनमा डुबी मृत अवस्थामा फेला परेका थिए। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि पशुपती चौलागाई स्मृति अस्पताल लगिएको प्रहरीले जनाएको छ।







# योग





**सरोजप्रसाद साह**

योग शरीर, आत्मा, मस्तिष्क तथा शरीरका सम्पूर्ण तत्वको मिलन (Union) हो। मानव स्वास्थ्यमा योगको ठूलो महत्व छ। योगविना यो जीवन अधुरो छ। मानिस मात्र यस्तो प्राणी हो जसले योगको महत्व जान्दा-जान्दै पनि योग गरेको हुँदैन। योग त्यो प्रक्रिया हो जसदवारा हाम्रो शरीर, मन र आत्मालाई सकरात्मक तरिकाले एकसाथ समावेश गर्दछ, अध्यात्मको प्राप्तिका लागि एक दोस्रोसँग जोड्दछ।

आज जतिपनि ठूला-ठूला माहात्मा बनेका छन्, ती सवै योगको माध्यमबाट बनेका छन्। ईश्वरको आराधनादेखि लिएर शरीरलाई स्वस्थ तथा स्फूर्तिवान रारत्न तमाम बिमारीहरुको समाधानसम्म, आत्मादेखि लिएर शरीर तथा मस्तिष्कको शुद्धिसम्म, हरेक ठाउँमा योगको आवश्यकता भएको हुन्छ। प्राचीन कालमा कलात्मक रुपमा साधाना गर्न तथा ईश्वरको तपस्या गर्न साधु सन्यासीहरु योगको सहारा लिने गर्दथे।

हिन्दु संस्कृति तथा धार्मिक मान्यताअनुसार योगमा त्यस्तो शक्ति छ कि यसलाई ब्रम्हाण्डका कुनै पनि शक्तिसँग साँध्न सकिन्छ।

योगमा साधकका लागि जस्तोसुकै कुरा पनि असम्भव हुँदैन। अहिलेका मान्यताहरुको कुरा गर्दा योग मात्र केही शारीरिक व्यायाममा मात्र सीमित छ। यहाँसम्म कि यति धेरै प्रसिद्ध हुँदा पनि अहिलेसम्म योगको कुनै खास परिभाषा समेत सुनिश्चित गरिएको पाईदैन।

योगको कुरा गर्ने हो भने वैदिक संहिता र वेदहरुमा तपस्वीहरुबारे उल्लेख गरिएको पाइन्छ। योग गर्ने साधकलाई पनि योगी भनिन्छ। योगी शब्द तपस्वीहरुका हकमा पनि प्रयोग हुन्छ। योग मानिसको कुरा छोडौं पशुपन्छीले समेत गर्दछ। मानव स्वास्थ्य ठिक बनाउनको लागि योगको महत्व धेरै छ।

हामीले जस्तोसुकै काम गर्छौं भने पनि त्यसलाई योगको अंश मान्न सकिन्छ। आफ्नो शक्ति सामर्थ्य अनुसार प्राप्त उठ्ने बित्तिकै हल्का व्यायम गर्नु राम्रो हो यसले शरीरमा भएका सबै अंगलाई क्रियाशील बनाउँदछ। स्वस्थ रहन र बाँच्न जति खानाको आवश्यक हुन्छ त्यो भन्दा बढी स्वस्थ रहन योगको खाँचो हुन्छ।

योग परम्परागत चिकित्सा पद्धति र जीवनशैली हो। यो वैज्ञानिक र व्यवहारिक छ। त्यसैले आत्म अनुशासन कायम गर्दै स्वस्थ्य र सकारात्मक जीवन बाँच्नका लागि योग आवश्यक छ। योगले हाम्रो अस्थिर मनलाई स्थिर बनाउने काम गर्छ मानिसका मनमा राम्रा-नरामा अनेक वृत्ति, उत्पत्ति र लय उत्पन्न भएका हुन्छन्। त्यसैले मनमा सकारात्मक भावनाको विकास गर्नका लागि पनि योग गर्नुपर्दछ।

# चित्रकला





**बिहान कार्की**
**कक्षा-४, कमाने एकेडेमी, हेटौंडा-८**

# स्वप्रेमी मन



**अनुषा उप्रेती**

जब आफ्नै सोचिएका
हातहरुले पनि कसिलो
बन्धनबाट हात छुटाई
चटक्कै टाढिन्छन्

जब सोच्दै नसोचिएका
घटनाहरु पनि
यथार्थको समुन्द्रमा
डुबुल्की लगाउँछन्
तब विश्वासिलो जगले
बनेको यो मन पनि
डगमगाउन थाल्दछ
अनि निर्दोष देख्ने यी नयनहरु
पनि शङ्काको भावनाले
तरङ्गित हुन्छन्

वास्तविकतालाई स्वीकार्न सक्ने
सामर्थ्य पनि छैन अब
तर झुठको सहारा लिएर
बाँच्नुको पनि त अर्थ छैन
यस्तै त रहेछ नि जिन्दगी यहाँ
आफ्ना भन्नेहरुले पनि
घात गरेपछि कसलाई विश्वासको
शिखरमा चढाउन सकिन्छ र ?
आफ्नैबाट शत्रुको जस्तो व्यवहार
पाएपछि छिनै छिनाको चोट
सहेर बसेको यो मनले पनि
कसलाई निर्दोष भनी
नियाल्न सक्दछ र ?

सरर बगिरहेको पानीको मुहानलाई
एकछिन बन्देज लगाउँदैमा
सधैँलाई मुहान कहाँ रोकिन्छ र
त्यस्तै केही क्षणलाई झुठो संसारमा
बन्देजिएको यो मन पनि
कहाँ अटल रूपमा रहन सक्छ र

यो सहनशील मन त
पहिलाको भन्दा उच्च रफ्तारमा
आफ्नो गन्तव्यतर्फ अघि बढ्दछ
आफ्नो इच्छा आकाङ्क्षालाई
साकार बनाउन स्वप्रेमी
बनी आफ्नै लक्ष्यतर्फ लम्किरहन्छ।

*कक्षा-१०, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# बुद्धिमानी र साहसी हरि

**कथा**



**आरम्भ अधिकारी,**

एकादेशमा शिवपुर नाउ गरेको एउटा गाउँ थियो। त्यस गाउँमा विभिन्न जातजातिका मानिसहरू मिलेर बस्ने गर्थे। त्यस गाउँको वरिपरि एउटा घना जंगल थियो। त्यस जंगलमा मानिसहरू जाने गर्दैनथे। उनीहरूका अनुसार त्यस जंगलमा भूत बस्ने गर्दथ्यो। एकदिन त्यस गाउँमा हरि नाम गरेको मानिस बस्न आयो। उसलाई त्यो गाउँ मन पर्‍यो तर त्यो गाउँ धेरै घरहरुले भरिएको थियो। उसले त्यो गाउँको पारी एउटा घना जंगलमा घर बनाएर बस्न थाल्यो।

गाउँका मानिसहरूले उसलाई पागल पनि भन्न थाल्यो। एक दुई दिन त उसलाई त्यस्तो केही पनि भएन तर तेस्रो दिनदेखि उसलाई अजीव अजीव आवाजले सताउन थाल्यो। तर उसलाई त्यसरी आएको आवाजले दिनदिनै डराउन सकेन। एकदिन उसले आफ्नो भाइलाई बोलाएर घरभित्र राख्यो र आफू बाहिर बसेर हेर्‍यो त्यो राति कराउने मान्छे को हो भनेर। किनकी हरिले भूत प्रेतमाथि विश्वास गर्दैन थियो। उसले त्यो उपाय प्रयोग गरेर सफल पनि भयो। उसले थाहा पायो कि उ चोर रहेछ र प्रहरीसम्म खबर नपुगोस् भनेर उसले भूत बनेर गाउँलेहरूलाई डराउने गरेको रहेछ।

अघिल्लो दिन हरिले गाउँलेहरूलाई त्यस कुराको जानकारी गरायो। जुन कुरा उसले र उसको भाइले रात्रीमा गरेका थिए। तर गाउँलेहरूले उसको कुरामा विश्वास गरेनन्। तर जसरी भएपनि उसले गाउँलेहरूलाई फकाएर लग्यो। र रात्रीमा त्यही गर्‍यो जुन अघिल्लो दिनमा गरेको थियो। जे कुरा उनीहरूले सोचेको थियो त्यही भयो। चोरले फेरि आवाज निकालेर तर्साउन थालेको देखेर गाउँलेहरूले प्रहरीलाई फोन गरेर बोलाए। प्रहरीले चोरलाई समातेर लग्यो। त्यसपछि प्रहरीले चोरले अहिलेसम्म लुटेको सामान जस जसको तिनै मानिसहरूलाई फर्कायो।

त्यसैले हामीले बुद्धि र साहसको प्रयोग गरेर हरेक समस्यासँग लड्न सक्छौँ। अन्धविश्वास गर्नु हुँदैन र हरेक समस्याको डटेर सामना गर्नुपर्छ भन्ने शिक्षा पाउँछौं।

*कक्षा-६, न्यु होराइजन माध्यमिक विद्यालय, रुपन्देही*

# गोर्खाली



**हृशोन खड्गी**

देशमा शान्ति कायम गर्न
उनले आफ्नो ज्यान दिए
आफू भन्दा धेरै उनले
देशलाई माया दिए

आफू मरे देश बाँचोस्
उनको चाह थियो
उनी मरे प्रजातन्त्र, लोकतन्त्र
गणतन्त्र भन्दा भन्दै

देशबाट निरंकुशता हटोस्
भन्ने सोँच्दा सोँच्दै
उनले सोच्या भयो होला
तर बोकी हिन्थे उनी हरेक समय बन्दुक तोप

तातो रगत शरीरमा छ
डराउने उनी होइन
कम्मरमा खुकुरी बोकी हिँड्थे
चिरफल उनको छाती
चाहिँदैन उनलाई लड्न
दुश्मनसँग नभए पनि।

*कक्षा-६, कमाने एकेडेमी*
*हेटौंडा-८*

# सिकारी



**अध्ययन खुलाल**

जङ्गल पस्यो सिकारी
मखख पर्दै हात तिखारी


चराहरु चर्दै आफ्नै तालमा
सिकारीले पार्‍यो जालमा

सिकारीले गर्‍यो सिकार
सुनेन चराहरुको चित्कार

मारी चरा हाल्यो झोलामा
पोली खायो लगी खोलामा


*कक्षा-३, नवोदय शिशु सदन मावि*
*हेटौंडा-४*

# चित्रकला






**सुयोग श्रेष्ठ**
**कक्षा:-५, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**







**सम्राट सापकोटा**
**कक्षा:-५, नवोदय शिशु सदन**
**हेटौंडा-४**





**समृद्धि श्रेष्ठ**
**कक्षा-३, ब्रह्मदिक् एकेडेमी, हेटौंडा-४**

## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं। **सम्पादक।**

# नेपाल



**दिव्यलक्ष्मी भट्ट**

नेपाल हाम्रो देश
आफ्नै भाषा भेष
हिमाल पहाड तराई
कोही छैन पराई

प्राकृतिक सौन्दर्यमा धनी छ
यहाँ धेरै जात धर्म छन्
नेपालमा छ हरियाली
यहाँ उड्छन् धेरै चराचुरुङ्गी

नेपाललाई सुन्दर बनाउने हाम्रो काम
बन्छ नेपालको पहिचान
हामी नेपाली बस्छौं मिलीजुली
आआफ्नो काम गरी ॥

हामी बस्छौं नेपालमा
हाम्रो साझा समाजमा
नेपाल हाम्रो देश हो
आफ्नै भाषा भेष हो ॥

*कक्षा-६, नवोदय शिशु सदन*
*हेटौंडा-४*

# मेरो मनको दृष्य



**बिहानी थापा**

आकाश निलो, धरती साँझ लामो छ जीवन
निधारमा टीका, सम्झना छ केशमा रिबन
बादल माथि पुगेर हेर्ने छ मेरो चाहना
सपना देख्न मनले खोज्छ अनौठो बाहना


हरियो वन फुलेर फूल यो देश चम्केको
प्रकृति छ र सुन्दर देश अगाडि लम्केको
तराई फाँट, पहाडी घाट मानिसले भेटेर
रिसको राग, नराख साथी पाइला टेकेर

सम्झना राख नबिर्स जात नेपाल छाडेर
उज्यालो आकाश, चम्केको सूर्य माया राखेर
बिहानी पख झल्किन्छ घाम अध्यारो हटाई
सृष्टिको जगत फर्कन्छ आहै विष जलाई

जङ्गली देश नबिर्स भेष सङ्कट सहेर
आँशुको वर्षा हुनेछ शीतल दुखीलाई मारेर

*कक्षा-८, नवोदय शिशु सदन, हेटौंडा-४*

# बलियो त म निकै रहेछु



**पवित्रा विश्वकर्मा**

जब अभावहरुले धक्का मार्यो रहर मारिदिए
सपनाको सहर लाई अन्तै बसाई सारिदिए
आशा बोकी कम्मर कसी सहर पस्ने निधो लिए
बाध्य भएँ यसै पनि जिम्मेवारी आफै माथी थिए

नौलो सहर नौलो मान्छे नौलो चलन नौलै व्यवहार
उद्देश्य बोकी सपना लाई पार्ने साकार
समस्याको थुप्रो छ लाग्या छैन पार
बारम्बार बाध्य छु स्वीकार्नलाई हार

विश्वास गर सफल हुनेछु हार मानेको छैन
थाहा छ विछिप्त छु कमजोर ठानेको छैन
असफलतामा सन्तुष्ट हुन मन मानेको छैन
महसुस भयो बलियो त म निकै रहेछु निराश हुन जानेको छैन !

*मकवानपुर बहुमुखी क्याम्पस*

# मेरो आसा कहीले पुरा होला खै



**प्रतिक्षा विश्वकर्मा**

कहिले आउला त्ये दिन, जुन दिन म पनि यो समाजमा खुलेर बाच्न सकु
कहिले आउला त्ये दिन, जुन दिन म पनि खुलेर हाँस्न सकु
कहिले आउला त्ये दिन, जुन दिन म पनि आफ्नो मन को कुरा
कसैलाई वेक्त गर्न सकु

साथी हरु पनि हुदा रैछन् घाती
सबैलेरु औला उठाउँछन् मै माथि
समाजले हेर्छ मलाई गे को रूपमा
म आफै लाई थाहा छैन, म जन्मीए के को रूपमा

जिवन संग हारेर मृत्यु खोज्दै छु अब
यस्तो सोचरु आयो समाजले घृणा गरे जब
अवसर खोजे समाजमा आफुलाई चिनाउने
तर मात्र एक आवसर पाए आफुलाई गुमाउने

*कक्षा-८, चण्डिका मा.वि मकवानपुरगढी-२, शिखरकटेरी*

# मेरो हालत



**नितिशा ढकाल**

ख्याल गर्दैनन् कसैले साथ दिने पनि गर्दैनन्
मेरा लागि पनि आजभोलि कोही अघि सर्दैनन् ॥

माया गर्ने भन्दा डाहा गर्ने छन् धेरै,
मेरा लागि पनि साथी ख्याल गर थोरै ॥

सबैजना साथी साथी भनी भट्याउने
मलाई मात्र एक्लै बस्न सधै खट्याउने ॥

मलाई अझै थाहा छैन के गलत र के सही छ
जिन्दगीको भिडमा एउटा साथी चाहिने रहेछ ॥

राति चन्द्रमामा हेरेर सधैं टोलाउने गर्छु
अरु नबोले पनि सधैं बोलाउने गर्छु ॥

*कक्षा-७, रेडरोज इङ्लिस बोर्डिङ स्कुल, हेटौंडा-१६*

# खोज



**अनमोल पोखरेल**

साना मा,
शान्ति मनै नपराउने मान्छे म
आज शान्ति खोज्दै हिँडिरहेको छु
साना मा,
क्रान्ति मनै नपराउने मान्छे म आज
आफ्नै लागि क्रान्ति गर्दै हिँडिरहेको छु
साना मा,
गाली खाँदा रुँदै बस्ने म
आज मुटुमा बाढी आउँदा पनि मुस्कुराउने भाछु
साना मा,
एउटा सुन्दर संसारमा थिएँ म तर
आज त्यही संसारबाट विलुप्त भाछु

कहाँ पाइन्छ शान्ति ?
कहाँ पाइन्छ न्याय ?
कहाँ पाइन्छ सुख ?
कहाँ पाउँछौ मैले आफ्नो सफलताको गन्तव्य ?

के यो सबै एक भ्रम हो या सन्देश
त्यो सन्देश जसमा बसेको छ इस्तरको वाणी
या त्यो सन्देश जसमा बसेका छन् मेरा हजार आशा

के त्यो आशा फक्रिँदै छन् त आज
या ती हराएका आशा ल्याउँदैछन् केही फुलहरू
त्यो फूल जसमा बग्छ छन् सर्पको विष
त्यो फुल जसमा छन् असफलताका काँडा

खोज जारी छ
खोज जारी छ एउटा सुन्दर संसारको
खोज जारी छ मेरो त्यो चम्किला ताराहरूको

*कक्षा-१०, जीएस निकेतन मावि, हेटौंडा-५*

# विलिन प्रेम



**सुप्रिया कार्की**

झरी पर्दा झरीमा रुझ्दै
तिम्रो नाम लिई बोलाउँछु म
रातमा जुन लाग्दा त्यही जुनमा
तिम्रो मुहार हेरी टोलाउँछु म

तिमीलाई मेरो आँखा अगाडि देख्दा
कत्ति रमाउँछु म
तिम्रो बोली सुन्दा
त्यही बोलीमा हराउँछु म

न त तिमीले मलाई नै बुझ्यौ
न त तिमीले मेरो मायालाई नै
पहिले मलाई मायाको आश देखाई
अरु कसैको हुन पुग्यौ

तिमीलाई मेरो आफ्नो भन्नू अघि नै
अरु कसैलाई छुन पुग्यौ
तर ऊ भन्दा नराम्रो पनि
नसोच्नु मलाई

यदि पछि आफूलाई चोट परे पनि
नखोज्नु मलाई
कुनै दिन मैले जसरी नै तिमीले
मलाई सम्झिन्छौ होला

कुनै दिन पहिले हामी भेटेको मोडमा आई
मलाई पर्खिन्छौ होला..।

*कक्षा-१२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*
*हेटौंडा-४*

श्री मालपोत कार्यालय मकवानपुरबाट मिति:
२०८१/०४/०४ मा जारी भएको नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक: ईन्द्र कुमारी पराजुली (श्रीमती)
ज.ध.: नारायण दत्त पराजुली भन्ने राम प्रसाद पराजुली (पति)

यसमा जिल्ला मकवानपुर साविक बेतीनी गा विस वडा ५ को कि.नं. ११८ को क्षेत्रफल ज.बि. ५-५-१-२ जग्गाको जग्गाधनी राम प्रसाद पराजुली मिति २०२२ सालमा सपरिवार हालको ठोरी गाउँ पालिका-२ पर्सामा बसाई सराई गरी गएको र निजको सोही स्थानमा मिति २०३५/०७/११ मा मृत्यु भएको र सो पश्चात आफू लगायत परिवार मिति २०४२ सालमा बारा जिल्ला निजगढ न.पा. वडा नं. ६ मा बसाइसराई गरी गएको तथा ठोरी न.गा.पा. २ को च.नं. १७१६ मिति २०८१।०२/०२ को पत्रबाट जग्गा धनी श्रेस्ता पुर्जाको नाम नारायण दत्त पराजुली तथा ना.प्र.प. मा राम प्रसाद पराजुली भएका ब्यक्ती एकै रहेको समेत उल्लेख गरी आफ्नो नाममा एकलौटी नामसारी गराइपाउँ भनी निवेदक ईन्द्र कुमारी पराजुलीले निजगढ नगरपालिका ६ नम्बर वडा कार्यालयको च.नं. १३७९ मिति २०८१/०२/२० को सिफारिस, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित र ज.ध. प्रमाण पुर्जा प्रतिलिपी समेत साथै राखी द.नं. २६०३५ मिति २०८१/०२/२१ मा नामसारी मागादावी निवेदन पेश गर्नु भई सनाखत समेत गर्नु भएकोमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको हकदारहरु अरु कोही भए वा फरक-फरक नाम भएको जग्गाधनीको नाम एकै नभई फरक-फरक भए वा जग्गाधनि पालन पोषण तथा काजकृया अरुलेनै गरेको भए वा उल्लेखित जग्गामा अरु कोही कसैको हकभोग भएको भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-एमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ। पछि कुनै उजुरबाजुर लाग्ने छैन।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



# एमालेबाट को को मन्त्री बन्दैछ ?


प्रकाश श्रेष्ठ


कृष्णप्रसाद सिलवाल


अमनकुमार मास्के


प्रेमभक्त महर्जन


सुकमाया तामाङ


किरण थापा

समाज संवाददाता

बागमती प्रदेश सरकारमा एमालेबाट स्नात्तकोत्तर तह उत्तीर्ण गरेकादेखि माध्यमिक तहसम्म अध्ययन गरेकालाई मन्त्री बनाउँदै छ। एमालेले समानुपातिक कोटामा सांसद बन्नुभएकी सिन्धुलीकी सुकमाया तामाङलाई मन्त्री बनाउँदैछ। उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रीको जिम्मेवारी दिने तयारी गरिएकी तामाङ सिन्धुलीको दुधौली नगरपालिका ९ स्थानीय हुनुहुन्छ। माध्यमिक तह (+२) सम्मको अध्ययन पूरा गर्नुभएकी उहाँ पहिलो पटक मन्त्री बन्दै हुनुहुन्छ।

एमालेले स्नात्तकोत्तर उत्तीर्ण ललितपुरका प्रेमभक्त महर्जनलाई पनि मन्त्री बनाउँदैछ। प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी पाउने तयारीमा रहनुभएका महर्जन ललितपुर ३ (ख) बाट निर्वाचित प्रदेश सभा सदस्य हुनुहुन्छ। ललितपुर महानगर पालिका वडा नम्बर-२२ निवासी महर्जन पहिलो पटक मन्त्री बन्दै हुनुहुन्छ।

एमालेबाट कृषि तथा पशुपन्छी मन्त्री बन्ने तयारीमा रहनुभएका प्रकाश श्रेष्ठ काठमाडौं निर्वाचन क्षेत्र ७ (ख) बाट निर्वाचित प्रदेश सभा सदस्य हुनुहुन्छ। अघिल्लो कार्यकालमा पनि सोही क्षेत्रबाट निर्वाचित श्रेष्ठ काठमाडौं नागार्जुन नगर पालिका-३ निवासी हुनुहुन्छ। स्नातक तहसम्मको अध्ययन गर्नुभएका श्रेष्ठ दोस्रो कार्यकालका लागि मन्त्री बन्दै हुनुहुन्छ। यसअघि शालिकराम जम्कट्टेल नेतृत्वको सरकारमा श्रेष्ठ उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री हुनुहुन्थ्यो।

एमालेबाट मन्त्री बन्न लाग्नुभएका किरण थापा भक्तपुर निर्वाचन क्षेत्र नम्बर २ (१) बाट निर्वाचित प्रदेश सभा सदस्य हुनुहुन्छ। स्वास्थ्य मन्त्रालयको जिम्मेवारी पाउँदै गर्नुभएका भक्तपुर सूर्यविनायक नगर पालिका-८ शिपाडोलका थापाले प्रमाणपत्र तहसम्म अध्ययन गर्नुभएको छ। वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी पाउने तयारीमा रहनुभएका कृष्णप्रसाद सिलवालले चितवन निर्वाचन क्षेत्र नम्बर १ (ख) बाट निर्वाचित प्रदेश सभा हुनुहुन्छ। चितवन इच्छाकामना गाउँपालिका-५, मुग्लिनका सिलवालले स्नातक तहसम्मको अध्ययन गर्नुभएको छ। उहाँ पहिलो पटक मन्त्री बन्दै हुनुहुन्छ।

काठमाडौं निर्वाचन क्षेत्र नम्बर ६ (ख) बाट निर्वाचित अमन कुमार मास्केलाई एमालेले पहिलो पटक मन्त्री बनाउँदैछ। भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी पाउनुहुने मास्के काठमाडौं तारकेश्वर नगरपालिका-७ फुटुङ निवासी हुनुहुन्छ। आर्किटेक्चर इन्जिनियर मास्केले स्नात्तकोत्तर, एमफीलसम्मको अध्ययन पूरा गर्नुभएको छ।

## कानुनमन्त्री श्रेष्ठको प्रगति विवरण सार्वजनिक

# ६५ वटा भवन निर्माण सम्पन्न

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले आफ्नो कार्यकालमा गर्नुभएका कार्यहरुको प्रगति विवरण सार्वजनिक गर्नुभएको छ। मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्नुहुँदै मन्त्री श्रेष्ठले आफ्नो १८ महिने कार्यकालमा भएको कार्यहरुको विवरण सार्वजनिक गर्नुभएको हो।

मन्त्री श्रेष्ठले २०७९ माघ ११ देखि २०८१ साउन ६ गतेसम्म बागमती प्रदेशको आन्तरिक मामिला मन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो। मन्त्री श्रेष्ठले सरकार गठन भएदेखि हालसम्म ७१ वटा प्रहरी भवन निर्माणमा प्रदेश सरकारले लगानी गरेको तथा ६५ वटा भवन निर्माण सम्पन्न भएको जानकारी दिनुभयो। यस्तै निर्माण सम्पन्न भएकामध्ये ६१ वटा भवन उद्घाटन भई हस्तान्तरण गरिएको तर बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडा, सिन्धुलीको हर्षही प्रहरी चौकी, नुवाकोटको देउराली प्रहरी चौकी, रामेछापको भुजी प्रहरी चौकी गरी ४ वटा प्रहरी कार्यालय भवन निर्माण सम्पन्न भएपनि हस्तान्तरण गर्न बाँकी रहेको उहाँले बताउनुभयो। साथै ६ वटा भवनहरु निर्माणाधीन अवस्थामा रहेको जानकारी दिनुहुँदै उहाँले हालसम्म प्रहरी कार्यालय भवनहरु निर्माण गर्न ३ अर्ब ४७ करोड २२ लाख ६४ हजार निकासा भएको उहाँले बताउनुभयो।

यस्तै आफ्नो कार्यकालमा नागरिक प्रदर्शनलाई व्यवस्थित र मर्यादित बनाउन प्रत्येक जिल्लामा सुरुमा १-१ सार्वजनिक नागरिक प्रदर्शनीस्थल निर्माणका लागि जिल्ला प्रशासन कार्यालयमा रकम अख्तियारी प्रदान गरिएको, २५ वटा शान्ति पार्कको पूर्वाधार निर्माण तथा स्तरोन्नतिको कार्य सम्पन्न भएको, विपद्मा खोज तथा उद्दार कार्य प्रभावकारी बनाउन झण्डै ३ करोड बराबरको लागतमा ६४ प्रकारका विपद् उद्दार सामग्री खरिद गरी भण्डारण गरिएको, विपद् जोखिम रहेका २६ स्थानीय तहलाई ३ करोड ४५ लाख प्रदान गरिएको मन्त्री श्रेष्ठले जानकारी दिनुभयो।

यस्तै प्रदेश सरकारलाई संस्थागत र सवलीकरण गर्न प्रदेश सरकार गठन भएपश्चात हालसम्म ऐन ६३, अध्यादेश १४, नियमावली २५, विनियमावली २, निर्देशिका ८, कार्यविधि ५५, मापदण्ड १०, आदेश ७ गरी जम्मा १८४ वटा कानुन निर्माण भएको उहाँले बताउनुभयो। जसमध्ये २०७९ माघ ११ गतेबाट २०८१ साउन ६ सम्म ऐन-९, अध्यादेश १, नियमावली ७, निर्देशिका ४, कार्यविधि २०, मापदण्ड-६, विधान-२ र आदेश-३ र राजपत्र सूचना-४३ गरी कुल ९५ कानून प्रदेश राजपत्रमा प्रकाशन गरिएको उहाँले बताउनुभयो।

मन्त्री श्रेष्ठले संघीयता कार्यान्वयनको ७ वर्ष पूरा हुन लाग्दा पनि संविधानको मर्म अनुसार कार्यान्वयन हुन नसकिरहेको पनि बताउनुभएको छ। बहुजाति, बहुधर्म र मुलुकमा सबै नागरिकलाई राज्यको मूल प्रवाहमा प्रवाहीकरण गर्न संघीयता एक उत्तम व्यवस्था भएपनि यस्तो हुन नसकेको उहाँको भनाई छ।

# बालयौन शोषणबारे छलफल

समाज संवाददाता

हेटौंडाः हेटौंडामा अनलाइनमा बालबालिकामाथि हुने यौन शोषणविरुद्ध सरोकारवालाहरुको भूमिकाबारे छलफल भएको छ। मंगलबार बाल हेल्पलाइनका अध्यक्ष माधव प्रधानको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो।

कार्यक्रममा अनलाइन बालयौन शोषणसम्बन्धी तथ्यहरु र अनलाइन बालयौन शोषणबाट बालबालिकालाई जोगाउन सरोकारवालाहरुको भूमिकाबारे छलफल भएको छ। बाल हेल्पलाइनका अध्यक्ष प्रधानले अनलाइन यौन शोषणमा परेका बालबालिकाहरुमा देखिने मानसिक असर ज्यादै नकारात्मक र दूरगामी हुने गरेको पाइएको बताउनुभयो। यसको असर अनुरुप बालबालिकाले पढाइमा ध्यान दिन नसक्ने, आत्महत्या प्रयास र लामो समयसम्म दुःखी हुने गरेको पाइएको उहाँको भनाइ छ। बालबालिकाको कमजोरीको फाइदा उठाउन खोज्ने, धम्की दिने, आफूलाई अमर्यादित लाग्ने भिडियो पठाउन दाब दिनेलगायतका कुराहरु साइबर बुलिङका स्वरुप रहेको उहाँले बताउनुभयो।

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैह्रेले आइलाइन बालयौन शोषणबाट बालबालिकाकालाई जोगाउन सरकारको नियमनकारी भूमिका हुनुपर्ने बताउनुभएको छ। अहिले राज्यसँग नीति, स्रोत, जनशक्ति र प्रविधि कमजोर रहेकाले यस क्षेत्रमा राम्रोसँग काम गर्न नसकिरहेको उहाँले बताउनुभयो। मन्त्रालयले अहिले बालबालिकासम्बन्धी नीति नै बनाएर काम गर्न सुरु गरेको उहाँले बताउनुभयो।

कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक आनन्दराज खनालले सहजीकरण गर्नुभएको थियो। इन्टरनेट र सामाजिक सञ्जाल प्रयोग गर्नेहरुमा बालबालिका तथा किशोरकिशोरीहरुको संख्या उल्लेख्य रहेको उहाँले बताउनुभयो। यसमा पनि विश्वव्यापी महामारी कोभिड-१९ पछिको लकडाउनको अवधिमा इन्टरनेट प्रयोग गर्ने बालबालिकाको संख्या बढेको पाइएको उहाँले बताउनुभयो।

उहाँले विद्यालयको पाठ्यक्रममा अनलाइनमा बालसंरक्षणको विषय समावेश गर्नुपर्ने, बालयौन शोषणाको विषयमा सामुदायिक संस्थाहरु, गैरसरकारी र विभिन्न निकायहरुसँग सहकार्य गर्दै बालसंरक्षण नीति तर्जुमा गरी कार्यान्वय गर्नुपर्ने, अनलाइनमा भएका बालयौन शोषण तथा दुर्व्यवहारसम्बन्धी रिर्पोटिङको व्यवस्था मिलाउनुपर्नेमा जोड दिनुभयो। यस्तै, शैक्षिक संस्थाहरुले कम्प्युटर कक्षाहरुमा इन्टरनेट अनलाइनको सुरक्षा विषय समावेश गर्नुपर्ने, अभिभावक, विद्यालय व्यवस्थापन र शिक्षकहरुबीच अनलाइन सुरक्षाबारे सचेतना फैलाउने वातावरण मिलाउनुपर्ने उहाँले बताउनुभयो।

बाल हेल्पलाइन मकवानपुरका संयोजक झविन्द्र ज्ञवालीले सञ्चालन गर्नुभएको कार्यक्रममा जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख तीर्थराज चिलवालको पनि आतिथ्य रहेको थियो।

## हेटौँडा उपमहानगरद्वारा

# खानेपानीको छुट सुविधामा कटौति

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकाले खानेपानी महसुलमा दिँदै आएको छुट सुविधामा कटौति गरेको छ। यही साउन महिनादेखि लागु हुनेगरी उपमहानगर पालिकाले न्युनतम महसुल बराबरको खपत गर्ने उपभोक्ताहरुलाई मात्र छुट सुविधा दिने भएको छ। २०७९ साल भदौ महिनादेखि हेटौँडा उपमहानगर पालिकाले हेटौँडा खानेपानी व्यवस्थापन बोर्डसँगको सहकार्यमा सबै उपभोक्ताका लागि न्यूनतम महसुल छुटको व्यवस्था गरेको थियो।

हेटौँडा उपमहानगरपालिकाले न्यूनतम महसुलवापत मासिक १७ लाख रुपैयाँदेखि २४ लाख रुपैयाँसम्म बोर्डलाई भुक्तानी गर्दै आएको थियो। हेटौँडा खानेपानी व्यवस्थापन बोर्डका २८ हजार ग्राहकले न्युनतम महसुल (१० हजार लिटर पानी) वापत मासिक ८५ रुपैयाँ छुट पाइरहेका थिए। २०८१ साल साउन महिनादेखि भने न्युनतम महसुल बराबरको पानी खपत गर्ने उपभोक्ताहरुलाई मात्रै छुट दिने निर्णय भई कार्यान्वयनमा आएको हेटौँडा खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकृत सञ्जय न्यौपानेले जानकारी दिनुभयो।

२०८१ असार महिनासम्म सबै ग्राहकलाई न्युनतम महसुल छुट गर्दा हेटौँडा उपमहानगरपालिकालाई मासिक करिब २४ लाख रुपैयाँ भार पर्ने अवस्था थियो भने २०८१ साउनदेखि न्युनतम महसुल बराबरको पानी खपत गर्ने उपभोक्ताहरुलाई मात्रै छुट दिँदा करिब सात लाख रुपैयाँ मात्रै भार पर्ने देखिन्छ। न्युनतम महसुल बराबरको पानी खपत गर्ने उपभोक्ताहरुलाई मात्रै छुट सुविधाले उपमहानगर पालिकालाई केही भार कम भएको र नयाँ व्यवस्थाअनुसार न्युनतम खपत गर्ने उपभोक्ताको संख्यामा पनि केही वृद्धि हुन सक्ने हेटौँडा खानेपानी व्यवस्थापन बोर्डका सूचना अधिकारी न्यौपाने बताउनुहुन्छ।

२०७९ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा हेटौँडा उपमहानगर पालिकाको प्रमुख र उपप्रमुख उम्मेदवार हरुले पानी र विजुलीको न्यूनतम महसुल छुट दिने घोषणा गरेको थियो। अहिले आएर पानीमा न्यूनतम महसुल उपभोग गर्ने उपभोक्तालाई मात्रै छुटको व्यवस्था गरिएको छ भने विजुलीमा छुट दिने घोषणा कार्यान्वयन गर्न सकेको छैन।

# आँखा जाँच शिविर उद्घाटन

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१९ मा मधुमेह र आँखाको पर्दा जाँच शिविर सुरु भएको छ। मंगलबार हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाले शिविरको उद्घाटन गर्नुभयो।

टोल विकास संस्था नगर समन्वय समिति र हेटौँडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजना तथा हेटौँडा उपमहानगरपालिकाको सहकार्यमा शिविर भएको हो। टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारीका अनुसार मंगलबार वडा नम्बर १९ स्थित तपोवन टोल विकास संस्थामा मधुमेहका बिरामी तथा ५० वर्षभन्दा बढी उमेर भएकाहरुको आँखाको पर्दा जाँच गर्ने कार्य सुरु भएको छ।

पहिलो दिनको शिविरमा ९० जनाको आँखाको पर्दा परीक्षण गरिएको छ। शिविरमा आँखा जनाएका मध्ये मधुमेह (सुगर) का कारण २० जनाको आँखामा समस्या देखिएको हेटौँडा सामुदायिक आँखा अस्पतालका प्रशासन प्रमुख सुधीर भद्र श्रेष्ठले जानकारी दिनुभएको छ। जाँच गर्दा समस्या देखिएकाहरुलाई उपचारका लागि सहजीकरण गरिदिने टोल विकास संस्था नगर समन्वय समिति हेटौँडाका अध्यक्ष ध्रूव अधिकारीले बताउनुभयो। बीमा भएकाहरुलाई बीमाबाट र आर्थिक अवस्था कमजोर भएकाहरुलाई नगरले नै उपचार गरिदिने अध्यक्ष अधिकारीले बताउनुभयो। अधिकारीका अनुसार अब नगरभित्रका अरु सबै वडाहरुमा मधुमेह र आँखा जाँचका कार्यक्रमहरुलाई तीव्र बनाइनेछ। कार्यक्रममा हेटौंडा-१९ का वडाध्यक्ष नरनाथ सुवेदी, हेटौंडा आँखा अस्पतालका प्रमुख डा. सुनिल थकाली, प्रशासन प्रमुख सुधीर श्रेष्ठ र वडा टोल समन्वय समिति हेटौंडा-१९ का अध्यक्ष देवेन्द्र अर्याल लगायतको उपस्थिति रहेको थियो।


## हेटौँडा खानेपानी व्यवस्थापन बोर्ड

हेटौँडा, मकवानपुर

### सूचीकृत हुन आउने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०३/३०)*

यस हेटौँडा खानेपानी व्यवस्थापन बोर्डलाई आ.व. २०८१/०८२ का लागि आवश्यक पर्ने तपसीलमा उल्लेखित वस्तु तथा सेवाहरु एकै पटक वा पटक-पटक गरी आपूर्ति प्रवाह गर्ने एवम् मर्मत प्रयोजनका लागि सम्बन्धित विषयको कारोबार गर्न स्वीकृति प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुको सूचि दर्ता गराउनु पर्ने भएकोले आफुले आपूर्ति/प्रवाह गर्ने वस्तु तथा सेवाहरुको स्पष्ट विवरण, कम्पनी/फर्म दर्ता प्रमाणपत्र (नवीकरण सहित), स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि, आफ्नो ठेगाना, सम्पर्क नम्बर राखी अन्य आवश्यक कागजात तथा कार्य अनुभवसहित निवेदन संलग्न गरी यस कार्यालयमा सूचीकृत हुन सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० को उपदफा ६, दफा ४१ को उपदफा १ (क) र दफा ४६ बमोजिम सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

**तपसिल**

| क्र.सं. | विवरण |
|---|---|
| १ | छपाई सम्बन्धी सम्पूर्ण कार्यहरु |
| २ | कार्यालय उपकरण, सर्भर, कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, भिपिएन राउटर, सिसि क्यामेरा, एयर कन्डिसन लगायत सामाग्रीको आपूर्ति, जडान, मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्यहरु। |
| ३ | मसलन्द, सामान्य स्टेशनरी आपूर्ति सम्बन्धी कार्य। |
| ४ | सेनेटरी तथा हार्डवेयर सम्बन्धी सामग्रीहरु आपूर्ति कार्यहरु। |
| ५ | ब्लिचिङ्ग पाउडर, आलम तथा ल्याब सम्बन्धी सामग्रीहरु सप्लाई कार्य। |
| ६ | समरसिवल मोटर पम्प तथा प्यानल बोर्ड आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी कार्यहरु। |
| ७ | निर्माण सामग्रीहरु आपूर्ति एवम् निर्माण सम्बन्धी कार्यहरु। |
| ८ | विभिन्न ईलेक्ट्रिक एण्ड ईलेक्ट्रोनिक्स सामग्रीहरु आपूर्ति त्यसका पार्टपुर्जाहरु मर्मत सम्बन्धी कार्यहरु। |
| ९ | व्याट्री, इन्भर्टर, सोलार, पङ्खा लगायत विद्युतीय सामग्रीहरुको आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी कार्यहरु। |
| १० | फर्निचर र फिक्चर्स, काठ तथा मेटलका फर्निचर आपूर्ति र मर्मत सम्भार सम्बन्धी कार्यहरु। |
| ११ | सवारी साधन (गाडी तथा मोटरसाईकल) पार्टपूर्जा मर्मत सम्भार सम्बन्धी कार्यहरु। |
| १२ | ईमेल, ईन्टरनेट, क्लाउड स्पेश, नेटवर्किङ्ग सेवा, एसएमएस, भूक्तानी प्रदायक सेवा सम्बन्धी कार्यहरु। |
| १३ | कुरियर, विज्ञापन प्रकाशन सम्बन्धी कार्यहरु। |
| १४ | कन्सल्टेन्सी, परामर्शदाता, अनुसन्धान, इन्जिनियरिङ्ग लगायत अन्य विविध सेवा सम्बन्धी कार्यहरु। |
| १५ | परिचयपत्र, भिजिटिङ्ग कार्ड, फ्लेक्स प्रिन्ट, साईन बोर्ड लगायतको आपूर्ति सम्बन्धी कार्यहरु। |
| १६ | म्यादी बीमा, कर्मचारीहरुको दुर्घटना बीमा, स्थिर सम्पति तथा सवारी साधनको बीमा सम्बन्धी कार्यहरु। |
| १७ | फोटोकपी, प्रिन्टर मेसिनमा लाग्ने मसी, रिवन, टोनर तथा कार्टेज आपूर्ति सम्बन्धी कार्यहरु। |
| १८ | विद्युतीकरण कार्य, विद्युतीय सामग्री तथा उपकरणहरु आपूर्ति एवम् मर्मत सम्बन्धी कार्यहरु। |
| १९ | आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण सम्बन्धी कार्यहरु। |
| २० | कर्मचारी तथा बोर्ड सदस्यहरुलाई क्षमता अभिवृद्धि गर्ने (प्रशिक्षक, आवास तथा हल, खाना र नास्ता) सम्बन्धी कार्यहरु। |

**थप जानकारीका लागि :**

**माधव प्रसाद चौलागाई**

**जिन्सी प्रमुख (९८४५५१४७०१)**

**हेटौँडा खानेपानी व्यवस्थापन बोर्ड**

**हेटौँडा, मकवानपुर**